# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भरतपुर, चितवन,

# सूचना

यस भरतपुर महानगरपालिका क्षेत्र भित्र हाल सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सबै प्रकारका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद २ को १ मा उल्लेखित समयावधि (२०७५ श्रावण १ देखि मार्ग १५ गते ) भित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणका लागि दरखास्त दिनुहुन अनुरोध छ । साथै सामाजिक सुरक्षा भत्ता सुविधा उपभोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा देहायको मिति भित्र दरखास्त दिनुहुन अनुरोध छ ।

(क) जेष्ठ नारिकहरुले आगामी आ.व.(२०७६/०७७) मा उमेर पुग्ने मिति उल्लेख गरी प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि मार्ग १५ गते भित्र ।

(ख) अन्य लाभग्राही एकल महिला , ६० वर्ष उमेर पुरा भएका एकल महिला , अपाङ्ता भएका व्यक्ति, ५ वर्ष मुनिका दलित बालबालिका) ले आफ्नो प्रमाण सहित जहिले सुकै ।

**दरखास्तका साथ निम्नानुसारका कागजातहरु अनिवार्य संलग्न गर्नुपर्नेछ :**

(१) सबै लाभग्राहीको हकमा २ प्रति पासपोर्ट साइजको फोटो

(२) बालबालिका बाहेकका सबै लाभग्राहीको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(३) बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र आमा वा आमा नभए संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(४) एकल महिलाको हकमा सम्बन्धमा विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि वा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि

(६) अपाङ्ता भएका व्यक्तिको हकमा महिला तथा बालबालिकाको कार्यालयबाट जारी भएको अपाङ्ता परिचय पत्रको प्रतिलिपि

**नोट :**

(१) ५ वर्ष मुनिका पोषण भत्ता प्राप्त गरिरहनु भएका दलित बालबालिकाको रकम वितरण बैंक मार्फत भुक्तानी हुने हुँदा सम्बन्धित वडा कार्यालयको सिफारिसमा तोकिएको बैकमा खाता खोल्नुहुन सबै संरक्षकहरुलाई जानकारी गराइन्छ ।

(२) तोकिएको समयमा नवीकरण नगर्ने लाभग्राहीहरुले पछिल्लो आर्थिक वर्षमा भत्ता पाउन सक्ने छैनन् ।

**सामाजिक सुरक्षा तथा पंजिकरण शाख**

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन,

# सूचना

व्यक्तिगत घटना दर्ता गर्नको लागि घटना घटेको ३ महिना भित्र आफ्नो नजिकैको वडा कार्यालयमा गएर समयमै व्यक्तिगत घटना दर्ता गराउनु हुन सम्वन्धित सबैमा जानकारी गराइन्छ ।व्यक्तिगत घटना दर्ता गर्न आवश्यक प्रकिया निम्नानुसार रहेको व्यहोरा अनुरोध छ ।

**जन्म दर्ता गर्नका लागी**

१) वावु आमाको विवाह दर्ताको प्रमाण पत्र ।

३) सुचक को नागरिकताको प्रमाण पत्र ।

४) बच्चा अस्पतालमा जन्मीएको भए अस्पतालको कार्ड ।

५) विदेशमा जन्मीएको भए विदेश जन्मीएका प्रमाण अस्पतालको कार्ड ।

६) वावुको नागरिकता अन्य वडा वा नगरपालिका जिल्लाको भए वसाई सराई दर्ताको प्रमाण पत्र

**विवाह दर्ता गर्नका लागी**

१) दुलहा दुलहीको नागरिकताको प्रमाण पत्र ।

२) स्थायी वसोवास प्रमाणीत प्रमाण पत्र ।

३) नागरिकता नभए वावु आमाको नागरिकता र जन्म दर्ता ।

४) एक /एक प्रती दुलहा दुलहीको पासपोर्ट साईज फोटो ।

५) दुलहा र दुलही आफै उपस्थीत हुनु पर्ने ।

**मृत्यू दर्ता गर्नका लागी**

१) मृतक को नागरिकताको प्रमाण पत्र ।

२) सूचकको नागरिकताको प्रमाण पत्र ।

३) स्थायी बसोबास प्रमाणीत प्रमाण पत्र वसाई सराई मृतकको स्थायी ठेगाना (अनेत्र भएमा ) ।

**वसाईसराई गर्नका लागी**

१) वसाई सराई गरि जाने सबैको नागरिकता प्रमाण पत्र नावालक भए जन्म दर्ताको प्रतिलिपि ।

२) नावालक को हकमा जन्म दर्ता ।

३) विवाहीत महिलाको हकमा माईती घर वाट नागरिकता भए विवाह दर्ता ।

**सम्बन्ध विच्छेद गर्नका लागी**

१) सम्बन्ध विच्छेद हुने दुलहा दुलहीको नागरिकता ।

२)अदालतको सम्बन्ध विच्छेद फैसदा वा आदेश ।

३)पुनरावेदन लाग्ने भए पुनरावेदनको फैसला र आदेश ।

४) विवाह दर्ता भएको वा दुलाहाको स्थायी ठेगानामा दर्ता गर्ने ।

**सामाजिक सुरक्षा तथा पंजिकरण शाखा**